ढकारी गाउँपालिकाको ९ औ गाउँसभामा मिति २०७९ असार १० गते शुक्रवार गाउँपालिका उपाध्यक्ष श्री नेत्रकला देवी शाही ज्युले प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०७९/८० को

# बजेट बक्तव्य

ढकारी गाउँपालिक
गाउँकार्यपालिकाको कार्यालय
ढकारी,अछाम
सुदुरपश्चिम प्रदेश,नेपाल

**गाउँसभाको बैठकमा गाउँपालिकाका उपाध्यक्ष श्री नेत्रकला देवी शाही ज्यूले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्यः**

ढकारी गाउँपालिकाको ९ औं गाउँसभा उद्‌घाटन समारोहका सभाध्यक्ष ज्यू, अतिथि ज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, अतिथी दिर्घामा रहनुभएका राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु,

विभिन्न कार्यालयका प्रमुख तथा सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, प्रधानाध्यापक, शिक्षक महानुभावहरु, विभिन्न पेशागत संघसस्थाका प्रमुख तथा प्रतिनिधि ज्यू प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी साथीहरु,

गैरसरकारी संस्था, महासंघ, नेपाल पत्रकार महासंघ, तथा सरकारी तथा गैरसरकारी संघसस्थाका प्रमुख तथा प्रतिनिधी ज्यूहरु ,

एवम् स्थानिय उद्योगी, व्यापारी ज्यूहरु, महिला, बालवालिका, आदिवासी जनजाती, दलित, जेष्ठ नागरिक, अपाङ्गसंग सम्वन्धित संघसस्थाका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, संचारकर्मी साथीहरु, एवम् उपस्थित महानुभावहरु,

- आज म यस ढकारी गाउँपालिकाको यस गरिमामय सभामा आर्थिक वर्ष २०७९/०८० को वार्षिक वजेट पेश गर्न उपस्थित छु । यस गौरवपूर्ण अवसरमा जनआन्दोलन लगायतका संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धांजलि अर्पण गर्दछु । साथै, घाइते र वेपत्ता नागरिकहरुप्रति सम्मान प्रकट गर्दछु । राजनीतिक एवं सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु हुने सबै अग्रजहरु प्रति आदर भाव प्रकट गर्दछु ।

- वि.सं. २०७९ जेठ १५ गतेका दिन संघीय सरकारका अर्थमन्त्रीबाट आ.व. २०७९/८० को वार्षिक बजेट प्रस्तुत भई ७५३ वटै स्थानीय तहहरुलाई विभिन्न अनुदान विनियोजन गरी वित्तीय हस्तान्तरण गर्ने कार्य भएको छ । साथै प्रदेश सरकारवाट २०७९ साल असार १ गते वार्षिक वजेट प्रस्तुत भई अनुदान प्राप्त भएको छ ।

- यस गाउँपालिकाको प्रस्तावित बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलतः नेपालको संविधानमा उल्लेखित एकल र साझा अधिकार सूची, आर्थिक अधिकार र आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु, नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा आर्थिक नियमावलीका प्रावधानहरु, विकासका समसामयिक मुद्दाहरु, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्य निकायबाट प्राप्त मार्गदर्शन, सहभागिता योजना तर्जुमा अनुरुप बस्ती/टोलस्तरबाट छनौट गरिएका आयोजना/कार्यक्रम, वडास्तरीय आयोजना/कार्यक्रमको प्राथमिकीकरण र बजेटसँग सम्बन्धित विभिन्न समितिहरुको प्रतिवेदन समेतको आधार मानी तयार गरिएको छ ।

- **यस बजेटका उद्देश्यहरु यस प्रकार रहेका छन ।**
  - आर्थिक, सामाजिक तथा राजनैतिक विकास गर्ने,
  - विकासलाई सन्तुलित ढंगबाट अगाडि बढाउने,
  - विकासका पूर्वाधारहरुको विकास गर्ने,
  - वातावरण संरक्षण गर्ने,
  - राज्य तथा गाउँपालिकाद्वारा प्रदान गरिने सेवामा आम नागरिकको पहुँच अभिवृद्धि गर्ने ।

- **यी उदेश्यहरु हासिल गर्नका लागि आगामी आर्थिक वर्षको बजेटका प्राथमिकताहरु देहायबमोजिम निर्धारण गरिएको छः**
  - दिगो पुर्वाधारको विकास,
  - सामाजिक तथा आर्थिक विकास,
  - कृषिको आधुनिकीकरण र व्यवसायीकरण,
  - रोजगारीका अवसरहरुमा वृद्धि,
  - सहभागितामूलक योजना तर्जुमा,
  - शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइमा लगानी,
  - पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धन,
  - वन तथा जलाधार संरक्षण,
  - अत्यावश्यक उपभोग्य वस्तुहरुको सुदृढ आपूर्ति र वितरण प्रणाली,
  - सार्वजनिक प्रशासन र सेवा प्रवाहमा सुधार ।

**सभाध्यक्ष महोदय**

अब म आगामी आर्थिक वर्ष २०७९/०८० को बार्षिक निति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**क) पुर्वाधार विकास तर्फ निति तथा दिर्घकालिन लक्ष्य**

- डिजिटाइजेसन कार्य आगामी २ वर्ष भित्र सम्पन्न गरिने छ ।
- गाउँपालिका स्तरिय मुख्य सडक ३ वर्ष भित्र ग्रावेल गरिने छ ।
- गाउँपालिका स्तरिय सडक मर्मत र सन्चालन गरिने छ ।
- वडा भवन निर्माण कार्य ३ वर्ष भिन्न सम्पन्न गरिने छ ।
- स्थानिय उद्योग सञ्चालनमा टेवा पुग्ने कार्यक्रम अगाडी बढाइने छ ।
- ५ वर्ष भित्र गाउपालिकाको मुख्य सडक पक्की बनाउने र रणनितिक सडकको लागी आवश्यक सडक बिस्तारको लागी संघ प्रदेश सँग माग गरिने छ ।
- सम्पुर्ण वडामा स्वास्थ्य भवन निर्माण कार्य सम्पन्न गरिने छ ।
- गाँउपालिका बस सञ्चालनको लागी आवश्यक पुर्वाधार निर्माण गर्ने आगामी ३ वर्ष भित्र गाउँपालिका स्तारीय प्रत्येक वडा भइ जाने बस सन्चालनमा ल्याइने छ।
- पुर्वाधार विकास शाखा तथा वडा प्राविधिकलाई तालिमको व्यवस्था गरिने छ।
- सर्वे र निर्माण कार्यको लागी सामाग्री उपलब्ध गराइने छ ।
- बलाता बेनिघाट सडक खन्ड निर्माण कार्य ३ वर्ष भित्र सम्पन्न गरिने छ ।
- प्रत्येक घरमा विद्युत सेवाको उपलब्धता सुनिश्चित गरिने छ।
- कृषि सडक निर्माण तथा सिँचाइ कुलो व्यवस्थापन गरिने छ ।
- एकिकृत बस्ति विकासको लागी नमुना बस्ती अवधारणा सुरुवात गरिने छ।
- १५ वर्ष भित्र स्मार्ट गाउँपालिका निर्माणको लागी आवश्यक पुर्वाधार निर्माणको काम अगाडी बढाइने छ ।
- बलाता मिनिग्रिड स्थापना गरि बृहत नवकरणिय उर्जाको नमुना वडा स्थापना गरिने छ ।
- बन्डाली मन्दिर (ढकारी १) संरक्षण गर्न आवश्यक वजेट बिनियोजन गरिएको छ ।
- थारा ढिल्की कसाती वडा कार्यालय टटाली सडक (ढकारी ७) विस्तार गरिने छ ।
- सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत १७२ घरधुरीको अपुग रकमको व्यवस्था गरिएको छ ।
- श्रीपालेश्वर मन्दिर (ढक्नेटा) संरक्षण गर्न आवश्यक वजेट बिनियोजन गरिएको छ ।
- बलाता स्वास्थ्य चौकी भवन निर्माण गरिने छ ।
- रुज, थारम, बास्कोट, मुलडुफा, बड्डा डुफा, मैकाडाडा, तिखान, चैनपुर, ज्ञानमन्दिर, बलाता सडक निर्माण तथा स्तरोन्नति गरि बस सेवा सञ्चालन गरिने छ ।
- हिच्मा भैसिखर्क बगरकाडँडा भलाने लोडेघाट सडक निर्माण गरिने छ ।
- हिच्मा गैराखाल बलातिवाडा फाटाबगर चाइराखोला सडकको स्तरोन्नती गरिने छ ।
- हिच्मा कापडा जुतीखोला हलेसि सडक निर्माण गरिने छ ।
- ढकारी गा.पा वडा नं ७ मा बड्डेडुफा दलित वस्ति निर्माण गरिने छ ।

## खानेपानी तथा सरसफाइ तर्फ

- स्वच्छ खानेपानीको पहुँचमा आगामी २ वर्ष भित्र १००% पहुँच पुगाउने एक घर एक धारा खानेपानी कार्यक्रमबाट घर घरमा खानेपानीको धारा पुर्याइने छ ।
- स्वच्छ खानेपानीको दीगो व्यवस्थापनका लागि आयोजना निर्माणको क्रममा नै निश्चित रकम मर्मत सम्भार कोषमा राखी प्रत्येक न्युनतम रकम मासिक रुपमा जम्मा गर्नुपर्ने नीति लिंदै खानेपानी योजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरिनेछ । साथै दीगोपनालाई संस्थागत गर्ने योजनाहरुलाई प्रोत्साहनको नीति लाइ निरन्तरता दिइनेछ ।
- विगतमा निर्माण भई सञ्चालनमा रहेका खानेपानी आयोजनाहरु उपभोक्ताहरुको सहभागितामा दिगो रुपमा सञ्चालन गर्नुपर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- एक घर एक शौचालयको अवधारणालाई कडाइका साथ पालना गराउँदै आफनो घर अगाडी आफैले सरसफाइ गर्नुपर्ने अवधारणाको विकास गर्ने र सार्वजनिक स्थलहरुमा शौचालय निर्माण गरिने नीति अबलम्बन गरिनेछ ।
- बजार केन्द्रको रुपमा विकास भैरहेका स्थानहरु, वडा केन्द्रहरुमा उत्पादन हुने व्यवस्थापन गर्न फोहोर व्यवस्थापन समिति गठन गरिनेछ र उक्त केन्द्रहरुलाई स्वच्छ सफा र हरियालीयुक्त बनाउने कार्य सबै उपभोक्ताहरुको हुनेछ ।
- बजारको रुपमा विकास भैरहेका स्थानमा सबै उपभोक्ताहरुलाई कुहिने फोहोरलाई प्रयोग गरी करेसाबारी घरबारी खेती गर्ने अभियानलाई प्रोत्साहन गरिनेछ ।
- ढकारी गाउँपालिकालाई पूर्ण सरसफाइ युक्त क्षेत्र घोषणाको लागि विभिन्न अभियानहरु सञ्चालन गरिनेछ ।
- पानीका मुहान संरक्षणका साथै पानीका स्रोतको सञ्चिति बढाउन पहल गरिनेछ ।
- ढकारी गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालय र बाल विकास केन्द्रहरुमा खानेपानी/ शौचालय निर्माण तथा प्रयोग को उचित प्रबन्ध गरिनेछ ।
- बिद्यालयमा बालक्लबहरु गठन तथा सक्रिय गराई खानेपानी तथा सरसफांइसम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- मैथुम ढकारी खानेपानि योजना डिपिआर गरि निर्माण कार्य सुरु गरिने छ ।
- बर्सा‍ली धारा बासरुख खानेपानि योजना (वडा नं २) निर्माण गरिने छ।

## ग) आर्थिक विकास तर्फ

### क ) कृषि तथा पशुपन्छी

१. कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम लाइ निरन्तरता दिइनेछ ।
२. "एक वडा दुई फलफुल बगैचा" ढकारी गाउँपालिका भित्रका प्रत्येक वडाहरुमा १० रोपनि जग्गामा २/२ वटा फलफुल बगैचा स्थापना गर्न कार्यक्रम अगाडी बढाइने छ ।
३. ढकारी गाउँपालिका भित्रको कृषिको तथ्यांकलाइ एकिकृत गर्न कृषि तथ्यांकको गणना कार्यलाइ निरन्तरता दिइनेछ।
४. कृषि पशुपंक्षी पालनलाई व्यवसायिक बनाउन युवा स्वरोजगारमुलक मागमा आधारीत युवा लक्षित कार्यक्रम संचालन गरिनेछ ।
५. करारमा सहकारी र सामुहिक खेतिलाइ प्रोत्साहन गरिनेछ ।
६. खाध्य पोषण सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
७. कृषिको उत्पादन तथा उत्पादकत्व बढाउनका लगी साना सिँचाई कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
८. गाउँपालिका भित्रका पशुपंक्षिपालक कृषकका पशु तथा पंछीहरुमा लाग्ने विभिन्न रोगहरुको निशुल्क उपचार तथ खोप व्यबस्थापन लाइ निरन्तरता दिइनेछ ।
९. दूध,मासु,माछा र अण्डामा आत्मनिर्भर बनाउनको लागी व्यबसायिक कृषकहरुलाई विशेष प्रोत्साहनको व्यबस्था गरिनेछ ।
१०. नविनतम् खोजमा आधारीत प्रविधियूक्त बनाउदै कृषकका लागी भरपर्दो सेवा उपलब्ध गराउन कृषि तथा पशुसेवा शाखा किसानको साथी कार्यक्रम लाइ निरन्तरता दिइनेछ ।
११. पशु आहाराको विकास र व्यबसायिकता बढाउन डाले र भुई घाँसको व्यबस्था गरिनेछ ।
१२. प्रत्येक वडा बाट पशुपंछिहरुको निशुल्क उपचारको व्यवस्था गरिने छ ।
१३. विभिन्न बालिको विउमा आत्मनिर्भर बनाउन विउ उत्पादन कार्यक्रम अगाडी बढाइने छ ।

१४. **" बनाऔ ढकारी,चिनौ आफ्नो माटो "** अभियान संचालन मार्फत युवाहरुलाई कृषि तर्फ उन्मुख हुने कार्यक्रम लाइ निरन्तरता दिइनेछ ।
१५. मौरी पालनलाई थप व्यवसायिकीकरण गर्न मौरी पालक कृषकहरुलाई अनुदानका कार्यक्रम संचालन गरिनेछ ।
१६. उत्कृष्ट कृषक पुरस्कार वितरण कार्यक्रम लाइ निरन्तरता दिइनेछ ।
१७. सुन्तलाजात फलफुल बालि पकेट विकास कार्यक्रमलाइ निरन्तरता दिइने छ ।
१८. पशुपंछि आदि बाट हुने इन्फ्लुएन्जा, बर्डफ्लु, AMR, सिस्टिस्कोर्सिस, टक्सोप्लाजमोसिस आदि विभिन्न सरुवा रोग सम्बन्धि रोकथाम तथा नियन्त्रणका लागि सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
१९. नयाँ बाख्रा पकेट बिकास कार्यक्रम सञ्चालन गरिने छ ।
२०. भैसि प्रवर्द्वन कार्यक्रम सञ्चालन गरिने छ ।
२१. "हाम्रो ढकारी धनधान्यको भकारी " बनाउन कृषिलाई विशेष जोड दिनुका साथै, गाउँपालिका भित्रका बाझो जग्गाको लगत संकलन गरि उर्बर उत्पादनमुखी जमिन बनाउन आवश्यक लगानी गरिने छ ।
२२. भैसी तथा गाइ पालनलाई प्रोत्साहित गरिने छ ।
२३. ग्रिन गाउँपालिका क्लिन गाउँपालिका बनाउन एक व्यक्ति एक रुख रोप्ने कार्यक्रम ल्याइने छ ।

## ख) महिला ,वालवालिका तथा जेष्ठ नागरिक

१. महिलाको आर्थिक, सामाजिक, राजनीतिक र विकासात्मक क्षेत्रमा सहभागि बढाउने तथा मुलप्रवाहिकरण गरि सशक्तीकरण गर्दै दीगो विकासका लक्ष्य हासिल गर्न विभिन्न अभिमुखिकरण अन्तरक्रिया र चेतनामुलक कार्यक्रम संचालन गर्ने ।
२. लैंगिक हिंसा निवारण कोष स्थापना गरि हिंसा पिडित महिलाहरुलाई सहयोग तथा उद्धार गर्ने ।
३. लैंगिक हिंसा, महिला हिंसा, घरेलु हिंसा, बाल श्रमशोषण, बालविवाह र छाउपडी जस्ता कुरितिहरु न्युनीकरण गरि सामाजिक न्याय तथा सुशासनको प्रत्याभुति दिलाउन जनचेतनामुलक कार्यक्रम संचालन गर्ने ।
४. आकष्मिक बालकोषको स्थापना गरि हिंसा, द्वन्द पिडित, अनाथ र प्रकृतिक प्रकोपमा परेका बालबालिकाहरुलाई सहयोग र उद्धार गर्ने ।
५. स्थानीय सरकारप्रति अपन्त्व वोध गराउन पालिकाका विपन्न, सिमान्तकृत, एकल, दलित र पिछडिएका जेष्ठ नागरिकहरुको सम्मान कार्यक्रम संचालन गर्ने ।
६. अपांगता भएका व्यक्तिका लागि सिपमुलक तालिम संचालन गरि स्वरोजगार गराउने ।

## ग) प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ :

१. स्थानिय तहमा दर्ता भएका बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभुति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरी श्रममुलक आयोजना मार्फत समुदायको विकास सँगै सामाजिक संरक्षणको प्रत्याभुति गराइनेछ ।
२. युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालनलाई थप सशक्त रुपमा कार्यान्वयन गरिनेछ ।
३. आफ्नो माटो चिनौ, आफ्नै गाउँ बनाऔं स्वावलम्बन अभियान सञ्चालन गरी युवाहरुलाई रोजगारीका अवसर पहिचानमा सहजीकरण गरिनेछ ।
४. आ ०७८/०७९ मा रोजगार सेवाकेन्द्रमा सूचिकृत बेरोजगार श्रमिकलाई प्राथमिकता क्रमका आधारमा रोजगारीमा खटाइने छ ।
५. गाउँपालिकामा सञ्चालित संघ, प्रदेश र स्थानीय तहका योजनामा आवश्यक श्रमिक उपलव्ध भएसम्म रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारबाट नै लगाइने व्यवस्था गरिनेछ ।
६. १ करोड भन्दा कम बजेटका योजनामा ह्यावी इक्युपमेन्टको प्रयोगमा पूर्णरुपमा रोक लगाई बेरोजगार सूचिमा सुचिकृत श्रमिकलाई काममा लगाइने व्यवस्था गरिनेछ ।
७. बेरोजगार र रोजगारका सम्भावनाको वास्तविकता पत्ता लगाउन रोजगार नक्शाङ्कन कार्य अघि बढाइनेछ ।

८. बेरोजगारहरुको ज्ञान, सीप, योग्यता, अनुभव र बजारको मागको आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी सम्बन्धि तालिम केन्द्रमा सिफारिस गरिनेछ ।
९. दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन गर्न आवश्यक सीप मूलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम दिइनेछ ।
१०. संघ तथा प्रदेश सरकारले ल्याएको कार्यमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।
११. स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिइनेछ ।
१२. युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी रोजगारमूलक कार्यमा संलग्न स्थानीय युवा उद्धमीहरुलाई प्रोत्साहित गरिनेछ ।
१३. श्रम सम्बन्धलाई प्राथमिकता दिदै सार्वजनिक पूर्वाधार निर्माण, कृषि, व्यवसायिक वित्तीय क्षेत्रमा रोजगारी सिर्जना गरिनेछ ।
१४. कामको सम्मान, स्वरोजगार उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापन यस गाउँपालिकाको नीति हुनेछ ।
१५. कामका लागि पारिश्रमिकमा, कामका लागि खाद्यान्न सामुदायिक आयोजनाहरुमा सरोकारवालाहरुसँग साझेदारीका लागि पहल गरिनेछ ।

**घ) लघु उद्यम विकास कार्यक्रम तर्फः**

१. गरिबि निवारणका लागी लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गरिने छ ।
२. उद्यमीको स्तरोन्नती का लागी आवश्यकता पहिचान गरि उचित सिप विकास तालिमको व्यवस्था गरिने छ ।
३. सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागी प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिने छ ।

**ङ) सहकारी तथा गरिवि निवारण तर्फः**

१. नमुना सहकारि गाउँ कार्यक्रम सञ्चालन गरि एक घर एक शेयर सदस्य अभियान सञ्चालन गरिने छ ।
२. पुर्व सहकारी शिक्षा कार्यक्रम मार्फत गाउँपालिका भित्र सहकारी दर्ता गर्ने शेयर सदस्यहरु को क्षमता अभिवृद्दि गरिने छ ।
३. सहकारी संस्था दर्ता नविकरण नियमन तथा अनुगमन गरि संस्थागत क्षमता विकास गरिनेछ ।
४. एक सहकारी एक उत्पादन कार्यक्रम लाइ प्रवर्दन गरि सम्भाव्यताका आधारमा सहकारी मार्फत मागमा आधारित कार्यक्रम सञ्चालन गरिने छ ।
५. विभिन्न साझेदारि निकायहरु संग समन्वय गरि साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।
६. सहकारी सचेतना कार्यक्रम मार्फत विविध कार्यक्रम सञ्चालन गरिने छ ।

**च) न्यायिक समिति तर्फः**

१. मेलमिलाप कर्ता छनौटगरि वडाबाटै मेलमिलापको माध्यमबाट बिबाद निरुपण गरिनेछ ।
२. न्यायिक समिति तथा मेलमिलाप कर्ताहरुको क्षमता अभिवृद्धि गरिने छ ।
३. अवलोकन भ्रमणको माध्यमबाट अन्तरपालिका तथा प्रदेशको अनुभवलाई अध्ययन तथा अवलोकन गरिनेछ ।
४. हिंशा न्युनिकरणको लागी सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।

## घ) सामाजिक विकास तर्फ

### क ) शिक्षा तथा खेलकुद

१ बालविकास केन्द्रहरुको कार्यसम्पादनमा दक्षता अभिवृद्धि गर्न नियमित अनुगमन निरिक्षण गरी आवश्यक सुधार गर्दै विभिन्न कर्यक्रम संचालन गर्दै लगिनेछ ।

२ निःशुल्क सहज र सर्वसुलभ शिक्षा प्रदान गर्नका लागी स्थानीय करार शिक्षकहरुलाई निरन्तरता दिइनेछ ।

३ प्रविधिमैत्री शिक्षण सिकाइका लागी कम्प्युटर विषयको शिक्षकको लागी र विद्यालयको IEMIS focal person लाई ICT तालिमको व्यवस्था गरीनेछ ।

४ सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरुलाई प्रदान गरीदै आएको अनुदान रकम निरन्तरता दिइने छ ।

५ सामुदायीक विद्यालयको भौतिक पूर्वाधार निर्माण गरी विद्यालयलाई पूर्वाधार सम्पन्न बनाउदै लगिनेछ ।

६ सामुदायिक तथा संस्थागत विद्यालयको समग्र पक्षको सुक्ष्म अध्ययन गर्न सघन विद्यालय अनुगमन कार्यक्रम संचालन गरिनेछ ।

७ पालिकाले संचालन गर्दै आएको उपलब्धि परीक्षा वार्षीक परीक्षा र कक्षा ८ को परीक्षालाई थप व्यवस्थित गरिनेछ ।

८ विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न स्थानीय स्तरमा उपलब्ध सामाग्रीको प्रयोगलाइ जोड दिन लगाईनेछ।

९ विद्यार्थी संख्याको आधारमा एक विद्यालय एक पुस्तकालय कार्यक्रमलाई लागु गरिने छ ।

१० विद्यालय बाहिर रहेका व्यक्तिहरुको लगत संकलन गरि अनिवार्य रुपमा विद्यालय भर्ना गरीने र कम्तिमा आधारभूत तहको शिक्षा निशूल्क र माध्यमिक तहसम्म निशुल्क शिक्षाको व्यवस्था गरिने छ।

११ विद्यार्थीमा सिकाइ क्रियाकलापमा उत्प्रेरित गर्न गाउँपालिका स्तरिय अतिरिक्त क्रियाकलाप कार्यक्रम गरिनेछ ।

१२ कक्षा ६ देखी १२ सम्म अध्ययन गर्ने सामुदायिक विद्यालयका सबै छात्राहरुलाई sanitary pad को व्यवस्था गरिने छ

१३ सामुदायिक विद्यालयमा तथ्याङ्क सत्यापन कार्यक्रम संचालन गरिने छ ।

१४ सामुदायिक विद्यालयको विकास तथा बजेट विभिन्न कार्यक्रमलाई प्रभावकारी बनाउन गाउँपालिका कर्मचारी र शिक्षा शाखाको स्थलगत रुपमा संयुक्त अनुगमन संचालन गरी अब निर्माण हुने कार्यक्रमलाई प्रभावकारी बनाइनेछ

१५ विद्यालय स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

१६ विद्यालय दिवा खाजा कार्यक्रमको उचित व्यवस्थापनका लागी विभिन्न कार्यक्रम गरिनेछ ।

१७ शौचालय,खानेपानी ,फोहोर फाल्ने खाल्डो खाजा घर मर्मत सम्भारका लागी मर्मत कोष संचालन गरी व्यवस्थापन गरिनेछ।

१८ प्रत्येक विद्यालयलाई आवश्यकताका आधारमा बहुधारा निर्माणका लागी जोड दिइनेछ ।

१९ विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनका लागी शिक्षक तथा अभिभावक तालिम संचालन गरिनेछ ।

२० बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत विभिन्न शाखाहरु सँग आवश्यक समन्वय गरी शिक्षालाई बालबालिकाको पोषणसँग जोड्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

२१ सामुदायिक सिकाइ केन्द्रमा कार्यरत सहजकर्ताको मासिक पारिश्रमिक न्यून रहेकाले गाउँपालिकाको तर्फबाट मासिक पारिश्रमिक थप गरि उपलब्ध गराइनेछ ।

२२ सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न शैक्षिक कार्यक्रम निर्माण गर्न सिकाइ उपलब्धि वृद्धि गर्न, स्थानिय सरकार, शिक्षक कर्मचारी, वि व्य स अभिभावक बिच समय समयमा छलफल तथा गोष्ठी संचालन गर्ने ।

२३ गाउँपालिका भित्रका विद्यालयको कार्यक्रम एकरुपताको लागी शैक्षिक पात्रोको व्यवस्था गरी सोही अनुरुप कार्यक्रम संचालन गर्न लगाइनेछ ।

२४ ढकारी गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुमा खेलकुद कार्यक्रम संचालन गरी गाउँपालिका स्तरीय खेलकुद कार्यक्रमको आयोजना गरीनेछ ।

२५ ढकारी गाउँपालिका भित्रका समग्र शैक्षिक क्षेत्रको विवरणहरु अध्यावधिक गरी प्रकाशन गरीनेछ ।

२६ गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्यापनका लागी आवश्यकता अनुसार स्थानीय विषय समेटी पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

२७ नेपाल सरकारले जारी गरेको नयाँ पाठ्यक्रमको प्रबोधीकरणका लागी कार्यक्रमहरु गरी विद्यालयका शिक्षक तथा सरोकारवालाहरुलाई पाठ्यक्रमका विषयवस्तु सँग परिचित गराइनेछ ।

२८ सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न क्षमता विकास तालिमको आयोजना गरीनेछ

२९ विद्यालयको लेखापालन र अभिलेख व्यवस्थापन गर्ने सामुदायिक विद्यालयका प्रधानाध्यापक र लेखापालहरुका लागी विद्यालय लेखापालन तथा सार्वजनिक खरिद तालिमको आयोजना गरीनेछ ।

३० विद्यालयको स्थापना कक्षा अनुमति कक्षा थप र अन्य कार्यको उपयुक्तता अध्ययनका लागी विद्यालय नक्साङ्कन कार्यक्रम गरिनेछ ।

३१ कोविड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताका लागी आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

**क) स्वास्थ्य**

ढकारी गाउँपालिका को विशिष्टिकृत भौगोलिक तथा स्वास्थ्य सेवा सम्वन्धी समस्या र चुनौतिलाई सम्वोधन गर्दै ढकारी गाउँपालिकाका नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिकाले देहायका नीति अवलम्वन गरेको छ ।

**१.** ढकारी गाउँपालिकामा हरेक नागरिकलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिनुको साथै उपचारात्मक सेवालाई व्यवस्थित र प्रभावकारि वनाउँदै, रक्षात्मक र प्रवद्र्धनात्मक सेवाहरु क्रमिक रुपमा विस्तार गरि प्रभावकारी रुपमा बस्ति र घरधुरि सम्म पहुँचको सुनिश्चित गरिने छ ।

**२.** ढकारी गाउँपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई विस्तार गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिने छ ।

**३.** ढकारी गाउँपालिकामा व्यक्ति, परिवार र समाजलाई परिचालन गरि जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवा प्रर्वधानात्मक, प्रतिकारात्कम, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवा केन्द्र स्तर देखिनै व्यवस्थापन गरिनेछ ।

**४.** गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको व्यवस्था गरिनेछ ।

**५.** निजि क्षेत्रका स्वस्थ्य सेवा प्रदायक संस्था, अस्पताल र फार्मेसिरुलाई प्रचलित कानुन बमोजिम सेवा प्रवाहको मुल धारमा ल्याई ब्यबस्थित रुपमा सेवा संचालन, ब्यबस्थापन, रेकर्डिङ्ग र रिपोर्टिङ्ग एवं नियमन गरीने छ र नियमित अनुगमन गरिने छ ।

**६.** न्यूनतम सेवा मापदण्ड (Minimum survice standard) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical Standard ) अनुसारको स्वास्थ्य सेवा सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय रुपमा प्रवाह गरिनेछ ।

**७.** सामाजिक, आर्थिक, भौगोलिक, धार्मिक र साँस्कृतिक हिसाबले पछाडि परेका समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच र उपभोग बृद्धि गरिनेछ ।

**८.** किशोर किशोरी तथा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गरीनेछ ।

**९.** स्वास्थ सकारात्मक व्यवहार परिवर्तनका लागि स्वास्थ्य शिक्षा र सूचना प्रवाह गर्दै अनुकुल वातावरण सुनिश्चित गरिनेछ

**१०.** ढकारी गाउँपालिका बासीको स्वास्थ्य बीमा सुनिश्चित गरि लक्षित बर्ग जस्तै ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका नागरिक, किशोर किशोरी, सिमान्तकृत, बिभेदमा परेका, घाईतेको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने ब्यवस्था गरिने छ

**११.** स्वास्थ्य वर्धक खाद्य पदार्थको प्रवद्र्धन, उत्पादन, पहुँच र उपभोग बढाई पोषण स्थितिमा सुधार गरिनेछ, वडा तथा पलिका स्तरमा बहुक्षेत्रिय पोषण योजना अनुसार पोषण कार्यक्रमलाई रिन्तर र प्रभावकारी रुपमा संचालन गरिने छ।

**१२.** विपद वा प्रकोपको समयमा पर्न सक्ने सम्भावित स्वास्थ्य असरहरुको न्यूनीकरण एवं प्रतिकार्यको लागि बहुपक्षीय सहकार्य गरिनेछ ।

**१३.** मानसिक स्वास्थ्यसंग सम्बन्धित समस्याप्रति आवश्यक जनचेतनाको अभिबृद्धि गर्न, त्यसको रोकथाम, उपचार र नियन्त्रण गर्न स्वास्थ्य संस्थाहरुलाई मानसिक स्वास्थ्य सेवा प्रदान गर्न सुदृढ र सक्षम बनाउदै, प्राथमिक स्वास्थ्य सेवाको तह देखिनै व्यवस्थापन गरी प्रेषण अस्पताल सम्म पहुच सुनिश्चित गरिने स्वास्थ्य शिक्षा कार्यक्रमको एक अभिन्न अंगको रुपमा शिक्षण संस्थाहरु मार्फत प्रवाहित गर्ने । मानसिक स्वास्थ्य नीति लाई समायानुकुल परिमार्जन गर्ने ।

**१४.** वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिने छ ।

**१५.** स्वास्थ्य क्षेत्रका प्रगती एवं उपलब्धीहरुलाई संस्थागत गर्दै थप उपलब्धी हाँसिल गर्न आवश्यक समन्वय र सहकार्यमा जोड दिइने छ ।

**१६.** बिभिन्न कार्यस्थलहरुमा काम गर्ने कामदारहरुको पेशागत स्वास्थ्य सुरक्षा सुनिश्चित गरिनेछ ।

१७. स्वास्थ्य सेवाको पहुँच र उपयोगमा बृद्धि गर्न सार्वजनिक, सामुदायिक तथा आवश्यकता अनुसार निजि क्षेत्रसँग साझेदारी गरिनेछ ।
१८. अध्ययन तथा अनुसन्धानलाई प्रबर्धन गर्दै निश्कर्षको आधारमा स्वास्थ्य कार्यक्रम तथा रणनीति निर्माण गरी लागू गरिनेछ ।
१९. तथ्यमा आधारित योजना बनाउन र स्वास्थ्य सेवाको प्रभावकारी ब्यवस्थापन गर्न एकिकृत स्वास्थ्य सूचना प्रणालीलाई थप सुदृढ र प्रविधिमैत्री बनाईनेछ ।
२०. स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवालाई जनमुखी एवं परिणाममूखी बनाईने छ ।
२१. सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग , गलगाँड, लागूपदार्थ दुव्र्येसनी  जस्ता निश्चित स्थान र समुदायमा विद्यमान रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिने छ ।
२२. स्वास्थ्य क्षेत्रमा लगानी बृद्धि गर्दै सामाजिक सुरक्षा योजनालाई सुदृढ गरी स्वास्थ्योपचारमा पर्ने व्यक्तिगत व्ययभार कम गरिनेछ ।
२३. तथ्यांक,जनसांख्यिक स्थिति र वितरणको आधारमा स्वास्थ्य सेवा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
२४. आयूर्वेद लगायतका स्वास्थ्य सेवा स्थापना थप ब्यबस्थित, मजवुत र गुणस्तरिय वनाईने छ ।
२५. सुर्तिजन्य बस्तुको प्रयोग, मादक पदार्थ सेवन, अस्वस्थकर जिवनशैलि यापन लाई निरुत्साहित गरि नियमन गरिने छ र स्वस्थकर जिवनयापन गराउन जनचेतनाका कार्यक्रम, शारिरिक ब्यायम र योगा जस्ता कार्यलाई प्रोत्साहन, प्रवद्धन गरिने छ ।
२६. सबै स्वास्थय संस्था, स्वास्थ्य शाखा र पालिकाबाट स्वास्थ्यका तथ्यांकलाई बैज्ञानिक ढंगबाट ब्यबयस्थित गर्न आवस्यकता अनुसार तालिम तथा स्थलगत क्षमता अभिवृद्धि गर्दै लैजानुको साथै, अनलाईन रेकर्डिङ्ग र रिपोटिंङ्ग गर्ने ब्यवस्था मिलाईने छ ।
२७. यस ढकारी गाउँपालिको केन्द्रमा थप जनशक्ति सहितको कम्तिमा १० शैयाको अस्पताल निर्माण गरि स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाइनेछ ।
२८. यस पालिका अन्तर्गतका सम्पुर्ण लक्षित उमेरका बालबालिकालाइ खोपको सुनिश्चितता गरि पुर्ण खोप दिगोपना पालिका घोषणा कार्यक्रम लाइ निरन्तरता दिइने छ ।
२९. क्षयरोगका जोखिम समुह तथा स्वास्थ्य सेवाको पहुच कम भएका समुदायमा सकृय क्षयरोग खोजपडताल कार्यक्रम तथा घरपरिवारका सदस्यहरुको सम्पर्क परिक्षण, एवं पाँच वर्ष मुनिका बालबालिकामा क्षयरोग रोकथाम सम्बन्धी टि.पि.टि कार्यक्रम सञ्चालन गरिने छ ।
३०. मातृ तथा नवजात शिशु कार्यक्रम अन्तरगत आमा सुरक्षा, गर्भवती, रक्तसञ्चार, उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम सञ्चालन गरिने छ ।
३१. वाक नेपालको सयहोगमा एच.आई.भी. रगत परिक्षणका लागी टोल स्तरिय घुम्ती शिविर सञ्चालन गरिने छ ।
३२. एच.आई.भी रगत परिक्षण बाट रियाक्टिभ देखीएका व्यक्तिहरुका लागी ATR सेन्टर सम्म आते जाते गाडि भाडाको व्यवस्था गरिने छ ।

**ख) बहुक्षेक्षत्रीय पोषण कार्यक्रमतर्फ**

१. महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहु क्षेत्रीयपोषण योजनाकार्यान्वयनलाई उच्चप्राथमिकतामा राखिनेछ ।
२. बहु क्षेत्रीयपोषण योजनाले निर्दिष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तीको लागि बिषयगत शाखा र साझेदार निकायहरुसंग मिलेर पोषण लक्षित र संवेदनशिल क्रियाकलापहरु सञ्चालन गरिनेछ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तैः बालपोषण अनुदान, खोप कार्यक्रम,बाल मैत्री स्थानीयशासनआदि समेतमा बहु क्षेत्रीयपोषण योजनालाई समावेश गर्दै लगिने छ ।
३. पोषण सुधारको लागी बिपन्न समुदायका महिला समुह हरुलाइ बिपन्न सदस्यहरुको आयआर्जन सुधार गर्न कार्यक्रम सञ्चालन गरिने छ ।

**ङ) संस्थागत विकास, वित्तीय व्यवस्था र सुशासन तर्फ**

१. गा.पा.को कार्यालय, शाखा तथा वडामा सेवा प्रवाहलाई थप छिटो छरितो र प्रभावकारी बनाउन सूचना तथा प्रविधिको उच्चतम प्रयोग गरिनेछ।

२. पदाधिकारी एव कर्मचारीहरुको क्षमता विकासमा जोड दिइनेछ। सो का लागि आवश्यक वजेटको व्यवस्था गरिएको छ।

३. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासन प्रति प्रतिबद्ध, पारदर्शी र उत्तरदायी बनाइनेछ ।

४. गाउँपालिकाको समृद्धिका लागि विज्ञान र प्रविधिको क्षेत्रबाट प्राप्त हुनसक्ने लाभका अवसर र सम्भावना लाई खोजी गरी यस क्षेत्रमा सङ्ख्यात्मक र गुणात्मक वृद्धि गरिनेछ।

५. दीगो र भरपर्दो आयका स्रोतहरु मार्फत राजश्व संकलन र त्यसको समुचित परिचालन विना स्थानीय स्वायत्तताको प्रवर्धन सम्भव छैन। राजश्वका क्षेत्र पहिचान गरी दायरा विस्तार गर्ने प्रयास गरिने छ। प्राकृतिक स्रोतको उपयोग र निकासीमा बढ्दो चुहावट नियन्त्ररण गर्न जिल्ला समन्वय समितिसँग समन्वय गरिनेछ। स्थानीय समुदाय एव स्थानीय प्रशासन सुरक्षानिकाय सँगको सहकार्यमा अनुगमनलाई तिव्रतादिने तथा चुहावट नियन्त्रणमा सहयोग गर्नेलाई पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

६. पहाडी विकट जिल्लामा रही अति दुर्गमताको दृष्टिकोणले (क) वर्गमा पर्ने यस ढकारी गाउँपालिकामा आर्थिक गतिविधिले गति लिन नसकेको र जनतामा कर तिर्ने बानीको विकास भैनसकेको अवस्थामा जनतामा कर तिर्ने बानीको विकास गराई आगामी आ.व. मा रू. ३० लाख कर राजश्व आर्जन गर्ने लक्ष्य रहेको छ । यसको लागि यस क्षेत्रमा उपलब्ध स्थानीय श्रोत साधनको अधिकतम परिचालन गरी आर्थिक गतिविधिमा वृद्धि गरिनेछ, व्यापारिक गतिविधिमा वृद्धि गरिनेछ, करदाता तथा आम नागरिकका लागि सूचना मूलक एवं सचेतना अभिवृद्दद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ, राजश्व चुहावटलाई नियन्त्रण गरिनेछ ।

७. आ.व २०७८/७९ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन को गुणस्तर परिक्षणमा ढकारी गाउँपालिका अछाम जिल्लाकै दोस्रो उतकृष्ट स्थानीय तहको स्थान हासिल गर्न सफल भएको थियो । आगामि आ.व मा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनका आधार र सुचकहरुलाई थप प्रभावकारि ढंगले कार्यान्वयन गरिने छ ।

**सभाध्यक्ष ज्यू,**

अब म आगामी आर्थिक वर्ष २०७९/८० को बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु । अनुमानित आय तर्फ **संघ**बाट प्राप्त हुने **वित्तीय समानीकरण** तर्फको अनुदान रकम रू. **९ करोड ५० लाख**, **प्रदेश** वाट **वित्तीय समानीकरण** तर्फको अनुदान **रू ६३ लाख ३८ हजार**, **संघबाट** प्राप्त हुने **राजश्व वाँडफाँड** वाट रू. **९ करोड ९९ लाख ८६ हजार** रूपैँया र **प्रदेश** वाट प्राप्त हुने **राजश्व वाँडफाड** बाट रू. **१८ लाख ८२ हजार, संघ** सरकारवाट प्राप्त हुने **शर्शत अनुदान १७ करोड ६ लाख, संघ** सरकारबाट प्रप्त हुने **विशेष अनुदान** रु ७० **लाख, प्रदेश** बाट प्राप्त हुने **विशेष अनुदान** रु **२५ लाख** तथा **संघ** सरकार बाट प्राप्त हुने **समपुरक अनुदान** रु **४० लाख** र **आन्तरिक आम्दानी**को अनुमानित प्रक्षेपण रू **३० लाख** गरी **कुल जम्मा** वजेट रू **३९ करोड ३ लाख ६ हजार** हुने अनुमान गरेको छु ।

**आ.व.२०७९/८० का लागी**

**ढकारी गा.पा .जम्मा आयको विवरण**

| **क्र.स.** | **तह/ प्रकार** | **समानीकरण अनुदान** | **सशर्त अनुदान रु.** | **बिशेष अनुदान** | **समपुरक अनुदान** | **राजश्व बाँडफाँट** | **आन्तरिक स्रोतबाट आय** | **अन्य स्रोत** |
|---|---|---|---|---|---|---|---|---|
| १. | संघ | ९ करोड ५० लाख | १७ करोड ६ लाख | ७० लाख | ४० लाख | ९ करोड ९९ लाख ८६ हजार | | |
| २. | प्रदेश | ६३ लाख ३८ हजार | | २५ लाख | | १८ लाख ८२ हजार | | |
| ३. | गा.पा. | | | | | | ३० लाख | |
| **कुल जम्मा** | | **३९ करोड ३ लाख ६ हजार** | | | | | | |

**सभाध्यक्ष ज्यू,**

आ.व. ०७९।८० को अनुमानित व्यय तर्फ कुल विनियोजन मध्ये चालुतर्फ **रू ३१ करोड ५६ लाख ६ हजार** र पुजिगत तर्फ रू**. ७ करोड ४७ लाख** गरी जम्मा रू **३९ करोड ३ लाख ६ हजार** विनियोजन गरेको छु । जस मध्ये चालु खर्च तर्फ कुल वजेटको **८०.८६** प्रतिशत र पूँजीगत तर्फ **१९.१४** प्रतिशत रहेको छ ।

**सभाध्यक्ष ज्यू,**

ढकारी गाउँपालिकाको कुल विनियोजित बजेट बाट व्यहोर्ने गरी सम्पुर्ण वडामा **१ करोड ७७ लाख** बजेट बिनियोजन गरेको छु ।

त्यसैगरी चालु खर्च अन्तर्गत गाउँपलिका र विषयगत शाखाको लागि रू. **८ करोड ७५ लाख ६ हजार** विनियोजन गरेको छु ।

| **आ.व. २०७९/०८० को चालु खर्च तर्फको विनियोजित बजेट** | | | |
|---|---|---|---|
| **क्र..स** | **खर्च शिर्षक** | **बजेट विनियोजन** | **कैफियत** |
| १ | संघिय ससर्त चालु | १७०६००००० **( सत्र करोड ६ लाख)** | |
| २ | शिक्षक पारिश्रमिक | ५२८००००० **(५ करोड २८ लाख)** | |
| ३ | पोषण साझेदारी कार्यक्रम | ५००००० **(५ लाख)** | |
| ४ | औषधि खरिद | ३०००००० **(३० लाख)** | |
| ५ | वडागत चालु | १२००००० **(१२ लाख)** | |
| ६ | शाखागत चालु | १२५५०००० **(१ करोड २५ लाख ५० हजार)** | |
| ७ | गापा प्र.शासनिक खर्च | ७४९५६००० **(७ करोड ४९ लाख ५६ हजार)** | |
| **जम्मा** | | ३१५६०६००० **(३१ करोड ५६ लाख ६ हजार)** | |

| आ.व. २०७९/८० को पुँजिगत खर्च तर्फको विनियोजित बजेट | | | |
|---|---|---|---|
| **क्र.स.** | **खर्च शिर्षक** | **बजेट विनियोजन** | **कैफियत** |
| १ | बलाता स्वास्थ्य चौकी | ७०००००० (७० लाख) | |
| २ | समपुरक योजना | १५०००००० (१ करोड ५० लाख) | |
| ३ | थारा ढिल्की कसाती वडा कार्यालय टटाली सडक | ४०००००० (४० लाख) | |
| ४ | खडिका रुख तल्लो बासल्ला खापा . आयोजना | २५००००० (२५ लाख) | |
| ५ | गापा भवन. | १०००००००(१ करोड) | |
| ६ | बलाता मिनिग्रिड | ८२००००० (८२ लाख) | |
| ७ | झोलुङ्गे पुल साझेदारी | ५००००० (५ लाख) | |
| ८ | जेवि खरिद तथा इन्धन.सि. | ६०००००० (६० लाख) | |
| ९ | वडा बजेट | १६५०००००(१ करोड ६५ लाख) | |
| १० | विद्युत विस्तार | ५०००००० (५० लाख) | |
| **जम्मा** | | **७४७०००००(७ करोड ४७ लाख)** | |

- आगामी आ.व.०७९।८० मा आय स्रोतको प्रकृति एवं स्रोत अनुमानित सुनिश्चितता भएका आम्दानी बमोजिमको व्यय अनुमान गरिएकोले बजेटलाई बढी महत्वकांक्षी नबनाई परिणाममुखी ठोस योजना तथा कार्यक्रम सञ्चालन गर्ने हेतुले आय र व्यय बराबर हुने गरी सन्तुलित बजेट ल्याएको छु ।

- प्रस्तुत बजेट तर्जुमामा सहयोग गर्नुहुने अध्यक्षज्यू, वडाध्यक्षज्यूहरु लगायत वडा समितिहरु, राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, राष्ट्रसेवक कर्मचारीहरु, राजनैतिक दलका साथिहरु, नागरिक समाज, बुद्धिजिवी, पत्रकार, सरकारी गैरसरकारी तथा सामुदायिक संस्थाहरु लगायत सम्पूर्ण ढकारी गाउँपालिका निवासी जनता साथै देश विदेशमा रहनु भएका नेपाली दिदीबहिनी, दाजुभाइहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

- अन्त्यमा, यस ढकारी गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउने ढकारी गाउँपालिकाका नागरिक, करदाता, ढकारी गाउँपालिकाको हित र समुन्नतीमा कार्यरत सबै विकास साझेदार, सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरु र सञ्चार माध्यम प्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

- समस्याहरु धेरै छन्, सबैको एकैपटक समाधान सम्भव छैन र हुन पनि सक्दैन । वर्तमान वस्तुगत यथार्थको धरातलमा उभिएर चुनौतीहरुको सामना गर्न हामी सबै कटिबद्ध, प्रतिबद्ध र एकताबद्ध बनौं । उज्वल भविष्य निर्माणको लागि आशावादी बनौं । धन्यवाद !

नेत्रकला देवी शाही
उपाध्यक्ष
ढकारी गाउँपालिका

## <u>शाखागत योजनाहरुको विवरणः</u>

### पशु सेवा शाखा बाट सम्पन्न गरिने कार्यक्रमहरुः

| क्र. स. | कार्यक्रम /क्रियाकलाप | बजेट |
|---|---|---|
| १ | उपचार सेवा मेडिकल माईनर सर्जिकल उपचार र औषधि खरिद | १०००००० (१० लाख) |
| २ | आकस्मिक उपचार सेवा | ५०००० (५० हजार) |
| ३ | रोग निदान सेवा प्रयोगशाला परिक्षण | ५०००० (५० हजार) |
| ४ | खोप सेवा चरचरे खोरेत रोग विरुद्दको खोप | ५०००० (५० हजार) |
| ५ | रेविज खोप सेवा | ५०००० (५० हजार) |
| ६ | पशु सेवा शाखा किसानको साथि रेडियो कार्यक्रम सूचना प्रकाशन पत्र पत्रिका छपाई सञ्चार खर्च | ३०००० (३० हजार) |
| ७ | वडाका पशु सेवा प्राविधिक हरु संग मासिक रिपोर्टिङ्ग बैठक | २०००० (२० हजार) |
| ८ | उतकृष्ट कृषक पुरुस्कार | २००००० (दुइ लाख) |
| | **जम्मा** | १४५००००/- (१४ लाख ५० हजार) |

**महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा बाट सम्पन्न गरिने कार्यक्रमहरुः**

| क्र. स. | कार्यक्रम /क्रियाकलाप | बजेट |
|---|---|---|
| १ | तिज विशेष कार्यक्रम (सवै वडा) | १६०००० (१ लाख ६० हजार) |
| २ | बाल बिबाह, बहुबिबाह, छाउपडी प्रथा सम्बन्धी सचेतनामुलक कार्यक्रम विद्यालय विमुख किशोरिहरुलाई | ३००००० (३ लाख) |
| ३ | लैंगिक हिंसा घरेलु हिंसा, बाल श्रमशोषण, बाल विवाह र छाउपडी जस्ता कुरिति कुप्रथा सम्बन्धी सचेतनामुलक कार्यक्रम | १००००० (१ लाख) |
| ४ | महिलालाई सिप तथा व्यवसायिक विकास तालिम | ३००००० (३ लाख) |
| ५ | लैंगिक हिंसा विरुद्दको १६ दिने अभियान | २००००० (२ लाख) |
| ६ | सवै वडामा रहेका विकृतिनीकरणका लागि बाल क्लबको भुमिका अभिबृद्धी गर्न बाल क्लबहरुलाई अभिमुखीकरण तालिम | १५०००० (१ लाख ५० हजार) |
| ७ | आकस्मिक बालकोष स्थापना | ५०००० (५० हजार) |
| ८ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | १५०००० (१ लाख ५० हजार) |
| ९ | अपांगता भएका व्यक्तिहरुलाई सिप विकास तालिम | १५०००० (१ लाख ५० हजार) |
| १० | दिवस (महिला दिवस राष्ट्रिय/अन्तराष्ट्रिय, बाल दिवस, अपांग दिवश) सवै वडामा | ३००००० (३ लाख) |
| ११ | बाल अधिकार संरक्षण समितिको बैठक | ४०००० (४० हजार) |
| **जम्मा** | | १९००००० (१९ लाख) |

## स्वास्थ शाखा बाट सम्पन्न गरिने कार्यक्रमहरुः

| क्र.स | कार्यक्रम | रकम |
| --- | --- | --- |
| १ | खोप कार्यकर्ता( करार कर्मचारि) हरुको मासिक फिल्ड भत्ता खर्च रकम। | १९८००० (१ लाख ९८ हजार) |
| २ | आमा समूहको बैठक तथा कार्यक्रम व्यवस्थापनका लागि त्रिपाल खरिद | ११०००० (१ लाख १० हजार) |
| ३ | पालिका स्तरिय मासिक रिपोर्टिङ तथा स्टाप बैठक साथै समिक्षा खर्च । | १५०००० (१ लाख ५० हजार) |
| ४ | महिला स्वास्थ्य स्वयम सेविकाहरुको प्रोत्साहन भत्ता खर्च (६९*६०००) | ४१४००० (४ लाख १४ हजार) |
| ५ | HMIS-LMIS को डाटा इन्ट्रि साथै सुचना प्रणाली व्यवस्थापन खर्च । | ३२००० (३२ हजार) |
| ६ | त्रैमासिक आकस्मिक औषधि ,नियमित मासिक खोप तथा( RUTF) ढुवानि तथा व्यवस्थापन खर्च । | २००००० (२ लाख) |
| ७ | स्वास्थ्य शाखा सहित स्वा.संस्थाहरुको एकमुस्ट मसलन्द खरिद तथा व्यवस्थापन खर्च (९ वटा स्वास्थ्य संस्थाहरु) | २९६००० (२ लाख ९६ हजार) |
| ८ | पत्र पत्रिका छपाइ तथा सुचना प्रकाशन खर्च तथा व्यवस्थापन । | ४०००० (४० हजार) |
| ९ | स्वास्थ्य संस्था तथा बर्थिङ सेन्टरहरुमा प्रयोग हुने अति आवशयक फर्म ,फर्मेट ,अनुसुचि तथा सेवा रजिस्टर साथै कार्ड छपाइ तथा व्यवस्थापन खर्च। | ९०००० (९० हजार) |
| १० | अर्धबार्षिक तथा बार्षिक समिक्षा कार्यक्रम खर्च | १००००० (१ लाख) |
| ११ | महिला स्वास्थ्य स्वयम सेविकाहरुको अर्धवार्षिक तथा बार्षिक समिक्षा कार्यक्रम व्यवस्थापन खर्च । | १५०००० (१ लाख ५० हजार) |
| १२ | स्वास्थ्य संस्था तथा बर्थिङ सेन्टरहरुमा आवशयक औजार उपकरण खरिद तथा व्यवस्थापन खर्च । | २००००० (२ लाख) |
| १३ | नि;शुल्क सुरक्षित गर्भपतन सेवा संचालन ,निरन्तरता ,औषधि लगायत केमिकल खरिद तथा व्यवस्थापन खर्च। | १५०००० (१ लाख ५० हजार) |
| १४ | स्टेचर खरिद १६ वटा | ८०००० (८० हजार) |
| १५ | USG मेसिनको ट्याब खरिद | ९०००० (९० हजार) |
| **जम्मा रकम रुः** | | **२३००००० (२३ लाख)** |

**शिक्षा युवा तथा खेलकुद शाखा बाट सम्पन्न गरिने कार्यक्रमहरुः**

| क्र.स. | कार्यक्रमको नाम | अनुमानित बजेट |
| --- | --- | --- |
| १ | बैठक तथा अन्तर्क्रिया कार्यक्रम  संचालन खर्च | २००००० (२ लाख) |
| २ | शिक्षा समिति बैठक संचालन खर्च | १००००० (१ लाख) |
| ३ | आधारभूत तह उत्तिर्ण परीक्षा संचालन | २००००० (२ लाख) |
| ४ | शैक्षिक तथ्याङ्क छपाइ तथा प्रकाशन | ५०००० (५० हजार) |
| ५ | भर्ना अभियान कार्यक्रम | ५०००० (५० हजार) |
| ६ | संचार | ५०००० (५० हजार) |
| ७ | नयाँ पाठ्यक्रम प्रबोधीकरण कार्यक्रम कक्षा (५, ८ र १०) | २००००० (२ लाख) |
| ८ | खेलकूद अध्यक्षकप प्रतियोगिता तथा राष्ट्पति रनिङ शिल्ड छनौट कार्यक्रम | १००००० (१ लाख) |
| ९ | वि व्य स तथा शि अ सं पदाधिकारीहरुका लागी अभिमुखीकरण कार्यक्रम | २५०००० (२ लाख ५० हजार) |
| १० | स्थानीय पाठ्यक्रम निर्माण | ५००००० (५ लाख) |
| ११ | गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप संचालन (वक्तृत्त्वकला , हाजिरजवाफ कार्यक्रम) | १००००० (१ लाख) |
| १२ | विद्यालय लेखापालन तथा सार्वजनिक खरिद तालिम | २००००० (२ लाख) |
| १३ | विद्यालय नक्साङ्कन कार्यक्रम | १००००० (१ लाख) |
| १४ | शिक्षक क्षमता विकास तथा तालिम कार्यक्रम | ५००००० (५ लाख) |
| **जम्मा** | | २६००००० (२६ लाख) |

## कृषि विकास शाखा बाट सम्पन्न गरिने कार्यक्रमहरुः

| क्र. स | कार्यक्रम | रकम |
|---|---|---|
| १ | चक्ला बन्दिमा तरकारी खेति संचालन समुह र कृषि फर्ममा | ३००००० (३ लाख) |
| २ | ५०% अनुदानमा तरकारी बिउ वितरण | १२०००० (१ लाख २० हजार) |
| ३ | युवा लक्षित अनुदान कार्यक्रम (कम्तिमा ५ रोपनि खेती गरेको हुनु पर्ने, मौरीको हकमा ३० घार भएको कृषक) | २००००० (२ लाख) |
| ४ | एक वडा एक फलफुल बगैचा स्थापना कार्यक्रम (१० रोपनीमा प्रत्येक वडामा २/२ वटा) | ५००००० (५ लाख) |
| ५ | चैते धानको परिक्षण गर्ने २,३ र ६ नं वडा मा | ५०००० (५० हजार) |
| ६ | वालि संरक्षणका लागि विषादी खरिद वितरण | १००००० (१ लाख) |
| ७ | व्यवसायिक कृषि फर्म एवम् समुहमा सिचाइ पोखरी निर्माण (५०% अनुदान) | ४००००० (४ लाख) |
| ८ | उपाध्यक्ष उतकृष्ट कृषक पुरस्कार वितरण | १००००० (१ लाख) |
| ९ | ७५ % अनुदानमा धान, गहु र मकैको बिउ बितरण | २००००० (२ लाख) |
| १० | राष्ट्रिय धान दिवस कार्यक्रम | ५०००० (५० हजार) |
| ११ | ५०% अनुदानमा आलुको बिउ बितरण | १००००० (१ लाख) |
| १२ | कृषि प्राविधिकहरुको चौमासिक बैठक | ८०००० (८० हजार) |
| १३ | अगुवा कृषकहरुलाई ५०% अनुदानमा टनेल बितरण कार्यक्रम | ० |
| १४ | कम्पोजिट किट बितरण (सिजनअनुसार) | २००००० (२ लाख ) |
| | **जम्मा** | २४००००० (२४ लाख) |

## सहकारी शाखा बाट सम्पन्न गरिने कार्यक्रमहरुः

| **क्र. सं.** | **कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम** | **जम्मा** |
|---|---|---|
| १ | नमुना सहकारी गाउँ (एक घर एक शेयर सदस्य अभियान सञ्चालन गर्ने) | १००००० (१ लाख) |
| २ | पूर्व सहकारी शिक्षा (गाउँपालिका भित्र सहकारी दर्ता गर्नेहरुलाई) | २००००० (२ लाख) |
| ३ | सहकारी संस्थाको दर्ता नवीकरण नियमन अनुगमन तथा संस्थागत क्षमता विकास | १००००० (१ लाख) |
| ४ | NEFCUN सँग साझेदारीमा आधारशिला कार्यक्रम सञ्चालन | २८०४०० (२ लाख ८० हजार) |
| ५ | सहकारी सचेतना कार्यक्रम तथा सञ्चार (ब्रोसर, पम्प्लेट, सचेतना पुस्तिका प्रकाशन) | ६९६०० (६९ हजार ६ सय) |
| ६ | सहकारी नियमावली कार्यविधि र निर्देशिकाहरु तयारी तथा तर्जुमा निर्माण कार्यशाला गोष्ठी | १००००० (१ लाख) |
| | **जम्मा** | **८५००००** |

## न्यायिक समिति बाट सम्पन्न गरिने कार्यक्रमहरुः

| **क्र. सं.** | **कार्यक्रमको नाम** | **रकम** |
|---|---|---|
| १ | मेलमिलापकर्ता छनौट तथा प्रशिक्षण | २००००० (२ लाख) |
| २ | अवलोकन, अनुगमन, भ्रमण | ५००००० (५ लाख) |
| ३ | बैठक सञ्चालन तथा उजुरी छलफल | १००००० (१ लाख) |
| ४ | पुस्तिका, प्रकाशन, ब्रोसर, अनूसूची छपाई | १००००० (१ लाख) |
| ५ | हिंशा न्युनिकरण गर्न सचेतना कार्यक्रम | १५०००० (१ लाख ५० हजार) |
| | **जम्मा** | **१०५०००० (१० लाख ५० हजार)** |

<u>**वडागत योजनाहरुको विवरणः**</u>

**वडा नं १ बाट सम्पन्न हुने योजनाहरुः**

| **सि.नं.** | **योजनाको नाम** | **वजेट** |
|---|---|---|
| १ | दलित टोल नाउले खानेपानी निर्माण योजना | ५००००० (५ लाख) |
| २ | मुलेडुफा-बाजसल्ला सडक निर्माण योजना | ५००००० (५ लाख) |
| ३ | म्याउसेको गडेन- डडाँडा खानेपानी निर्माण योजना | ५००००० (५ लाख) |
| ४ | सिमाखाल-डुफा खानेपानी निर्माण योजना | ३००००० (३ लाख) |
| ५ | तल्लो रिमा खानेपानी मर्मत योजना | २००००० (२ लाख) |
| ६ | डडाँडा गाउँघर क्लिनिक मर्मत योजना | ५०००० (५० हजार) |
| ७ | महालक्ष्मी सहकारी संस्था व्यवस्थापन | ५०००० (५० हजार) |
| ८ | ढकारी स्वास्थ्य चौकी व्यवस्थापन | १५०००० (१ लाख ५० हजार) |
| ९ | भौरेगाउँ पितरथान मन्दिर चौर निर्माण योजना | २००००० (२ लाख) |
| १० | वडा कार्यालय सञ्चालन तथा व्यवस्थापन | १५०००० (१ लाख ५० हजार) |
| ११ | न्यू लालिगुराँश सहकारी संस्था व्यवस्थापन | ५०००० (५० हजार) |
| **जम्मा** | | **२६५०००० (२६ लाख ५० हजार)** |

## वडा नं २ बाट सम्पन्न हुने योजनाहरुः

| सि.नं. | योजनाको नाम | वजेट |
|---|---|---|
| १ | विपद् व्यस्थापन | १००००० (१ लाख) |
| २ | रेडियो हाम्रो जाल्पा एफ एम | २५००० (२५ हजार) |
| ३ | वडा कार्यालय व्यस्थापन | १५०००० (१ लाख ५० हजार) |
| ४ | सरस्वती आ.वि. बडिरुख छाना मर्मत | १००००० (१ लाख) |
| ५ | जाल्पादेवी आफर्निचर निर्माण .वि. | ५०००० (५० हजार) |
| ६ | हिच्मा स्वास्थ्य चौकी कार्यालय घेरा पर्खाल निर्माण | १७५००० (१ लाख ७५ हजार) |
| ७ | गैराखाल बर्थिङ सेन्टर व्यवस्थापन | ५०००० (५० हजार) |
| ८ | वडा कार्यालय प्रतिक्षालय निर्माण तथा वडा कार्यालय मर्मत | ३००००० (३ लाख) |
| ९ | कोल खानेपानी निर्माण हिच्मा | १५०००० (१ लाख ५० हजार) |
| १० | शिखर वालविकास केन्द्र भवन निर्माण बलातिबाडा | ३५०००० (३ लाख ५० हजार) |
| ११ | पुस्तिका आ. विखानेपानी मर्मत . | ५०००० (५० हजार) |
| १२ | रोल खानेपानी मर्मत | ५०००० (५० हजार) |
| १३ | टिमिलेगैरा खानेपानी मर्मत | १००००० (१ लाख) |
| १४ | ढडेन खानेपानी निर्माण | १५०००० (१ लाख ५० हजार) |
| १५ | मन्तौला मुहान नेपाली टोल खानेपानी मर्मत | १५०००० (१ लाख ५० हजार) |
| १६ | जारिमे खानेपानी मर्मत | ५०००० (५० हजार) |
| १७ | खोप्चेपानी मुहान मुख्याघर पोखरी निर्माण | १५०००० (१ लाख ५० हजार) |
| **जम्मा** | | **२१५०००० (२१ लाख ५० हजार)** |

**वडा नं ३ बाट सम्पन्न हुने योजनाहरुः**

| सि.नं. | योजनाको नाम | वजेट |
|---|---|---|
| १ | बरा खानेपानी निर्माण | २००००० (२ लाख) |
| २ | भ्यागुते खा.पा निर्माण स्याङ्गुणा | १००००० (१ लाख) |
| ३ | ढुन खेत आधुनिक घट्ट निर्माण | १००००० (१ लाख) |
| ४ | पाप्णे खा.पा निर्माण | १००००० (१ लाख) |
| ५ | तालि खा.पा निर्माण | ३००००० (३ लाख) |
| ६ | बेराजु खा.पा निर्माण | १५०००० (१ लाख ५० हजार) |
| ७ | चोरपानि कुन्टा जुती खा.पा निर्माण | २५०००० (२ लाख ५० हजार) |
| ८ | तल्लो आधुनिक घट्ट ठुलासैन | १००००० (१ लाख) |
| ९ | निशान खा.पा निर्माण मुल्लो | १००००० (१ लाख) |
| १० | ठुलासैन खा.पा मुलसुधार मुल्लो | १००००० (१ लाख) |
| ११ | दोरे गल्फा खा.पा निर्माण | २००००० (२ लाख) |
| १२ | मासुल्ले पानी पुरानो खा.पा निर्माण | १००००० (१ लाख) |
| १३ | पुजिगत विपद व्यवस्थापन | १००००० (१ लाख) |
| १४ | बुडासैन आधारभुत स्वास्थ्य चौकी व्यवस्थापन | ५०००० (५० हजार) |
| १५ | वडा कार्यालय व्यवस्थापन | १५०००० (१ लाख ५० हजार) |
| १६ | शिशु सुधार आ.वि फर्निचर निर्माण | ५०००० (५० हजार) |
| **कुल जम्मा** | | **२१५०००० (२१ लाख ५० हजार)** |

## वडा नं ४ बाट सम्पन्न हुने योजनाहरुः

| सि.नं. | योजनाको नाम | वजेट |
|---|---|---|
| १ | वडा कार्यालय शौचालय निर्माण | ३००००० (३ लाख) |
| २ | बलाता स्वास्थ्य चौकी फर्निचर व्यवस्थापन | ५०००० (५० हजार) |
| ३ | दाउनामोरा मन्दिर निर्माण | २००००० (२ लाख) |
| ४ | माथिल्लो पाल्त खा.पा निर्माण | २००००० (२ लाख) |
| ५ | वडा विपद व्यवस्थापन | १५०००० (१ लाख ५० हजार) |
| ६ | सर्पे खा.पा निर्माण | १००००० (१ लाख) |
| ७ | भार्ते टोल मन्दिर निर्माण | २००००० (२ लाख) |
| ८ | भैरव थान बलाता सडक मर्मत | ७००००० (७ लाख) |
| ९ | पञ्चेबाजा व्यवस्थापन तथा संरक्षण | १००००० (१ लाख) |
| १० | वडा व्यवस्थापन खर्च | १५०००० (१ लाख ५० हजार) |
| **जम्मा** | | **२१५०००० (२१ लाख ५० हजार)** |

**वडा नं ५ बाट सम्पन्न हुने योजनाहरुः**

| सि.नं. | योजनाको नाम | वजेट |
| --- | --- | --- |
| १ | किटान मुहान ज्ञानमन्दिर मा.वि खानेपानी निर्माण | ४००००० (४ लाख) |
| २ | चैनपुर नवदुर्गा मन्दिर निर्माण | ३००००० (३ लाख) |
| ३ | चिन्या रुख खा.पा निर्माण मासलेख | ३००००० (३ लाख) |
| ४ | भैरवथान मन्दिर निर्माण भुनेखोला | २५०००० (२ लाख पचास हजार) |
| ५ | कालसैन मन्दिर निर्माण काउलेगडा | २००००० (२ लाख) |
| ६ | श्री कालिका आ.वि तिखान डेस्क बेन्च निर्माण | १५०००० (१ लाख ५० हजार) |
| ७ | भैपरी पुजिगत खर्च | ३००००० (३ लाख) |
| ८ | वडा कार्यालय व्यवस्थापन खर्च | १५०००० (१ लाख पचास हजार) |
| ९ | सरस्वती प्रा.वि फर्निचर निर्माण | १००००० (१ लाख) |
| **जम्मा** | | **२१५०००० (२१ लाख ५० हजार)** |

## वडा नं ६ बाट सम्पन्न हुने योजनाहरुः

| सि.नं. | योजनाको नाम | वजेट |
|---|---|---|
| १ | सिमथाई सिचाई पोखरी (मल्लो मेलपोखरा) निर्माण | २५०००० (२ लाख ५० हजार) |
| २ | गुयलपानी सिचाई पोखरी निर्माण | २५०००० (२ लाख ५० हजार) |
| ३ | कर्मचन्द्र आ.वि फर्निचर निर्माण | १२०००० (१ लाख २० हजार) |
| ४ | काउलापानी सिचाइ कुलो निर्माण | १५०००० (१ लाख ५० हजार) |
| ५ | भरकुडा बिपिया खा.पा मर्मत | ८०००० (८० हजार) |
| ६ | पानिखोला मुहान पान्सैन खा.पा मर्मत | ५०००० (५० हजार) |
| ७ | गुयलारुख मुलसुधार गाड | ५०००० (५० हजार) |
| ८ | आनेरी पाल्ता मुहान पान्सैन खा.पा निर्माण | ३००००० (३ लाख) |
| ९ | गुनेपानी मुहान पोथणी खा.पा निर्माण | २००००० (२ लाख) |
| १० | रोल मुलसुधार | ५०००० (५० हजार) |
| ११ | पानिखोल्टा मुहान मर्मत वडार | ५०००० (५० हजार) |
| १२ | चिण्डेखोला मुहान भेडेखोड चुयगाँउ खा.पा निर्माण | १००००० (१ लाख) |
| १३ | ढुङ्गाचाल्ना स्वास्थ्य चौकी फिल्ड कटिङ | ७५००० (७५ हजार) |
| १४ | तितौडा महिला बिकास फर्निचर निर्माण | ६०००० (६० हजार) |
| १५ | विपद व्यव्स्थापन | १००००० (१ लाख) |
| १६ | कार्यालय व्यवस्थापन | १५०००० (१ लाख ५० हजार) |
| १७ | पुजिगत भैपरी | ११५००० (१ लाख १५ हजार) |
| | **जम्मा** | **२१५००००/- (२१ लाख ५० हजार)** |

## वडा नं ७ बाट सम्पन्न हुने योजनाहरुः

| सि.नं. | योजनाको नाम | वजेट |
|---|---|---|
| १ | वडा कार्यालय व्यवस्थापन | १५०००० (१ लाख ५० हजार) |
| २ | विपद व्यवस्थापन | ५०००० (५० हजार) |
| ३ | भैपरी पुजिगत खर्च | १००००० (१ लाख) |
| ४ | प्लासेन्टा पिट निर्माण (साल फाल्ने खाल्डो) घोडाखाद स्वास्थ्य इकाइ | १००००० (१ लाख) |
| ५ | जाल्पा देवी मन्दिर निर्माण डुँफा | ३००००० (३ लाख) |
| ६ | कालिका देवी मन्दिर निर्माण रुज | ३००००० (३ लाख) |
| ७ | मालिका मा.वि टिमु भवन मर्मत | ३००००० (३ लाख) |
| ८ | थाराम खा.पा मर्मत तल्ला थारम | २००००० (२ लाख) |
| ९ | बाच्कोटी बडा पोखरी निर्माण | १००००० (१ लाख) |
| १० | पाण खानेपानी मर्मत | १००००० (१ लाख) |
| ११ | सरस्वती आ.वि फिल्ड कटिङ | २००००० (२ लाख) |
| १२ | जडायमार्ने खोला तलथारा खा.पा मर्मत | १००००० (१ लाख) |
| १३ | ढिल्की सिमलेरुख पोखरी निर्माण | १५०००० (१ लाख ५० हजार) |
| **जम्मा** | | **२१५०००० (२१ लाख ५० हजार)** |

## वडा नं ८ बाट सम्पन्न हुने योजनाहरुः

| सि.नं. | योजनाको नाम | वजेट |
|---|---|---|
| १ | फाल्दुङ्गा पितर मन्दिर निर्माण | १००००० (१ लाख) |
| २ | वि.पि स्मृति विद्यालय भवन मर्मत | १००००० (१ लाख) |
| ३ | त्रिपुरासुन्दरी मा.वि.मा माहायज्ञ | १००००० (१ लाख) |
| ४ | वाटगडा माण्डाडा खा.पा निर्माण32 | २००००० (२ लाख) |
| ५ | किमडा मन्दिर सुधार | १००००० (१ लाख) |
| ६ | विश्वज्योती आ.वि भवन मर्मत | १००००० (१ लाख) |
| ७ | लामपाटा खा.पा मर्मत | १००००० (१ लाख) |
| ८ | कोडेपानी पोखरि निर्माण | १००००० (१ लाख) |
| ९ | बाख्रेटुडा खा.पा निर्माण | १००००० (१ लाख) |
| १० | पाडे बिनि माछापोखरी निर्माण | २००००० (२ लाख) |
| ११ | पल्सता कोलधारा सुधार | १००००० (१ लाख) |
| १२ | तल्ला गाँउ पल्सता खा.पा निर्माण | ७५००० (७५ हजार) |
| १३ | डाँडाखेत भिडेखाल तटबन्धन | १००००० (१ लाख) |
| १४ | शिशुसुधार आ.वि खेलमैदान निर्माण | १००००० (१ लाख) |
| १५ | खिरचौका पल्साता खानेपानी निर्माण | १००००० (१ लाख) |
| १६ | बिचगौडी खा.पा निर्माण | ७५००० (७५ हजार) |
| १७ | त्रिपुरासुन्दरी भगवती मुर्ती व्यवस्थापन | ५०००० (५० हजार) |
| १८ | विपद व्यवस्थापन | ५०००० (५० हजार) |
| १९ | विविध खर्च | ५०००० (५० हजार) |
| २० | कार्यालय व्यवस्थापन | १५०००० (१ लाख ५० हजार) |
| २१ | डाडाकाथाइ पोखरी मर्मत | १००००० (१ लाख) |
| | **जम्मा** | **२१५०००० (२१ लाख ५० हजार)** |